# मिति २०७५ पौष ०३ गतेको कार्यपालिका बैठकको निर्णयहरु

## निर्णयहरु :

आज मिति २०७५ साल पौष ३ गतेमंगलवारका दिन विहान११:०० बजे यस त्रिवेणी गाउँपालिका भित्रको विविध विषयमा छलफल गरी निर्णय लिन गाउँ कार्यपालिकाका अध्यक्ष श्री मानबहादुर डाँगीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको वैठक बसी तपशिल बमोजिमको निर्णय भयो ।

## उपस्थिति

| | |
|---|---|
| श्री मानबहादुर डाँगी | अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री करुणा खड्का | उपाध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री छवीलाल खत्री | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री मेघराज रोका | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री हुकुम प्रसाद महतारा | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री छवीराज शर्मा | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री डिल्लीबहादुर बोहरा | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री मानबहादुर वली | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री कान्ती वली | कार्यपालिका सदस्य,त्रिवेणी गाउँपालिका |
| श्री गायत्री बुढाथोकी | कार्यपालिका सदस्य,त्रिवेणी गाउँपालिका |
| श्री पार्वती वि.क.दलामे | कार्यपालिका सदस्य,त्रिवेणी गाउँपालिका |
| श्री रती वि.क. | कार्यपालिका सदस्य, त्रिवेणी गाउँपालिका |
| श्री दली बवाल | कार्यपालिका सदस्य, त्रिवेणी गाउँपालिका |
| श्री डवलसिंह सार्की | कार्यपालिका सदस्य त्रिवेणी गाउँपालिका, |
| श्री रेमन्तबहादुर डाँगी | प्रमुख प्रशासकीय अधिकृत,सदस्य सचिव |

आमन्त्रित

श्री गोपाल के.सी ना.सु.

## प्रस्तावहरु

१. स्थानीय तहका स्थायी कर्मचारी समायोजन गर्ने ।
२. चौथो गाउँसभा बस्ने सम्बन्धमा ।
३. राहात सहयोग उपलब्ध गराउने सम्बन्धमा ।
४. विपद व्यवस्थापन सहयोग सम्बन्धमा ।
५. लुहाम फलावाङ मखनटाकुरी सडक मर्मत संभार गर्ने सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं १,**

प्रस्ताव नं १ माथि छलफल गर्दा संघ,प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन गर्न कमचारी समायोजन अध्यादेश,२०७५ जारी भएको छ । उक्त अध्यादेशको दफा ६ को उपदफा (४) मासाविक स्थानीय निकायबाट स्थायी नियुक्ति पाई स्थानीय सरकार संचालन ऐन,२०७४ बमोजिम समायोजन भएका कर्मचारीहरुलाई सम्बन्धित स्थानीय तहले अध्यादेश प्रारम्भ भएको मितिले १० दिनभित्र समायोजन भएको कर्मचारीलाई समायोजनको पत्र दिई सो को जानकारी मन्त्रालयलाई दिनुपर्नेछ भन्ने प्रावधान उल्लेख छ । अतः अध्यादेसको दफा ६ को उपदफा (४) बमोजिम आफ्नो कार्यपालिकाबाट निर्णय गराई सम्बन्धित कर्मचारीहरुलाई निजहरुको स्थायीय नियुक्ति पत्रको सक्कलप्रति रुजुगरी १० दिन भित्र समायोजन भएको पत्र समायोजनको पत्र दिई सो को जानकारी मन्त्रालयलाई समेत दिनुहुन भनि मिति २०७५।८।२४ को सचिव स्तरिय निर्णय अनुसार अनुरोध छ भनि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं २५ मिति२०७५।८।२४गतेको प्राप्त पत्रबाट लेखि आएकोले यस गाउँपालिकाका साविक स्थानीय निकायहरुबाट स्थायी नियुक्ति पाई स्थानीय सरकार संचालन ऐन,२०७५बमोजिम समायोजन भएका तपशिलका कर्मचारीहरुलाई देहाय अनुसार समायोजन गर्ने निर्णय गरियो ।

**तपशिल**

| क्र.स. | कर्मचारीको नाम,थर | साविक पद | तह | कायम हुने पद | कायम हुने तह |
|---|---|---|---|---|---|
| १ | धनबहादुर पुन | सह लेखापाल | सहायक चौथो | सहायक(सा.प्र.) | चौथो |
| २ | लोकबहादुर रामजा | सह लेखापाल | सहायक चौथो | सहायक(सा.प्र.) | चौथो |
| ३ | सालिकराम रोका | सह लेखापाल | सहायक चौथो | सहायक(सा.प्र.) | चौथो |
| ४ | भेषबहादुर गिरी | कार्यालय सहयोगी | श्रेणी विहिन | कार्यालय सहयोगी | तह विहीन |

**निर्णय नं २,**

प्रस्ताव नं २ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन,२०७४ को प्रावधान अनुसार गाउँसभा वर्षको दुई पटक बस्नेछ भन्ने व्यवस्था अनुसार यस वर्षको दोस्रो तथा गाउँपालिकाको चौथो गाउँसभाको बैठक मिति २०७५ साल पौष १५ गते आइतवार दिनको ११:०० बजे त्रिवेणी गाउँपालिका लुहाममा बस्ने निर्णय गरियो ।

**निर्णय नं ३,**

प्रस्ताव नं ३ माथि छलफल गर्दाविभिन्न कडा रोगलागि वा अन्य विपदमा परी आर्थिक सहायताको लागि वडाकार्यालयहरुबाट गाउँपालिकामा शिफारिस भएका विभिन्न व्यक्तिहरुको राहात सहयोग सम्बन्धमा आर्थिक सहयोग समितिको मिति २०७५।८।१८ को निर्णयानुसार राहातको लागि शिफारिस गरेका मध्ये त्रिवेणी गा.पा.वडा नं.३ का महेन्द्रवली र ऐ.गा.पा.वडा नं.४ का युवा विष्टलाई क्रमशः मुटुरोगी र मृगौला रोगी भनि जनही रु.१०,०००। राहातउपलब्ध गराउन शिफारिस सम्बन्धमा निजहरुले पेश गरेको कागजातको विस्तृत अध्ययन समेत गर्दा निजहरुलाई जनही रु ५०००।दिने निर्णय गरियो ।

**निर्णय नं ४,**

प्रस्ताव नं ४ माथि छलफल गर्दावर्षातको कारणले त्रिवेणी गा.पा.वडा नं.३ को वाँसटारी सिचाँई कुलोमा पहिरोको कारण क्षति पुगी तत्काल पानी सिचाँई सुचारु गर्नुपर्ने अवस्था आएको र वडा नं. ३ कै गौरेज्यूला अन्तरगतको रानीखोलामा पहिरोआई शिवचरण रेउलेको घरमा क्षति भएको र तत्काल सहयोग नगरे धन जनको क्षति हुनसक्ने देखिएकोले तत्काल राहत सहयोग गरिएको, माथिका दुवै उद्धार कार्यमा खर्च भएको जम्मा रु.४१०००। लुहाम काभ्रा सडक मर्मतको लागि खर्चगरी बचत भएको रकमबाटराहात रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ५,**

प्रस्ताव नं ५ माथि छलफल गर्दावर्षातको कारणले लुहाम फलावाङ मखनटाकुरी सडक मर्मत संभार गर्नुपर्ने भएकोलेर सो कार्य कार्यालय बाटै अमानतबाट मर्मत संभार गर्ने र सो को लागि लुहाम काभ्रा सडकको लागि विनियोजन भएको बजेटबाट खर्च भई बचत बजेटमध्येबाट रु. १,००,०००। खर्च गर्ने गरी बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

## मिति २०७५ पौष ११ गतेको कार्यपालिका बैठकको निर्णयहरु

आज मिति २०७५ साल पौष ११ गते बुधवारका दिन विहान ८:०० बजे यस त्रिवेणी गाउँपालिका भित्रको विविध विषयमा छलफल गरी निर्णय लिन गाउँ कार्यपालिकाका अध्यक्ष श्री मानबहादुर डाँगीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको वैठक बसी तपशिल बमोजिमको निर्णय भयो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री मानबहादुर डाँगी | अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री करुणा खड्का | उपाध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री छवीलाल खत्री | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री मेघराज रोका | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री हुकुम प्रसाद महतारा | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री छवीराज शर्मा | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री डिल्लीबहादुर बोहरा | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री मानबहादुर वली | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री कान्ती वली | कार्यपालिका सदस्य,त्रिवेणी गाउँपालिका |
| श्री गायत्री बुढाथोकी | कार्यपालिका सदस्य,त्रिवेणी गाउँपालिका |
| श्री पार्वती वि.क.दलामे | कार्यपालिका सदस्य,त्रिवेणी गाउँपालिका |
| श्री रती वि.क. | कार्यपालिका सदस्य, त्रिवेणी गाउँपालिका |
| श्री दली बवाल | कार्यपालिका सदस्य, त्रिवेणी गाउँपालिका |
| श्री डवलसिंह सार्की | कार्यपालिका सदस्य त्रिवेणी गाउँपालिका, |
| श्री रेमन्तबहादुर डाँगी | प्रमुख प्रशासकीय अधिकृत,सदस्य सचिव |

आमन्त्रित

श्री गोपाल के.सी. ना.सु.,गाउँपालिका

**प्रस्तावहरु**

१. नमूना विद्यालय शिफारिस गर्ने सम्बन्धमा ।
२. ईलाका प्रहरी चौकी लुहामलाई सवारी साधन मर्मतको लागि आर्थिक सहयोग गर्ने सम्बन्धमा ।
३. नगर प्रहरी भर्नाको लागि पदपुर्ती समिति गठन सम्वन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं १,**

प्रस्ताव नं १ माथि छलफल गर्दा गाउँ शिक्षा समितिको सिफारिस अनुसार यस गाउँपालिकाका ६ वटा सामुदायिक विद्यालयहरु मध्ये न्युनतम पुर्वाधार पुगेको श्री जनता माध्यमिक विद्यालय त्रिवेणी १ काभ्राको अंक अन्य विद्यालयको तुलनामा उच्च भएकोले उक्त विद्यालयलाई नमुना विद्यालय छनौट गरी आवश्यक कार्याथ सिफारिश गर्ने निर्णय गरियो ।

**निर्णय नं २,**

प्रस्ताव नं २ माथि छलफल गर्दा ईलाका प्रहरी कार्यालय लुहामको च.न.१४१ २०७५।८।२४ मा गाडी मर्मतको लागि आर्थिक सहयोग माग भई आएकोले सो अनुसार उक्त कार्यको लागि जम्मा रु.१८,०००। आर्थिक सहयोग उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ३,**

प्रस्ताव नं ३ माथि छलफल गर्दा यस गाउँपालिका अन्तरगतमा नगर प्रहरी पदपुर्ती गर्न तपशिल वमोजिमको पदपुर्ती समिति गठन गर्ने साथै आवस्यकता अनुसार विषयविज्ञ आमन्त्रण गर्ने निर्णय गरियो ।

तपशिल

| | |
|---|---|
| श्री मानवहादुर वली वडा अध्यक्ष,पदपुर्ती समिति संयोजक | |
| श्री मेघराज रोका,वडा अध्यक्ष | सदस्य |
| श्री गायत्री वुढाथोकी,कार्यपालिका सदस्य, | सदस्य |
| श्री रेमन्त वहादुर डाँगी, प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| श्री गोपाल के.सी. ना.सु. गा.पा. | सदस्य सचिव |